# मानमिन समाचार

अंक २४ मई २९, २०१६

# “गरीबी, रोगहरू, र विपत्तिहरूदेखि भयभित हुनुपर्दैन”

## ज्योतिमा हिँड्नेहरूले आशिषहरू प्राप्त गर्नुहुन्छ


परमेश्वर आफ्ना छोराछोरीहरू स्वस्थ भएको, अरूलाई सहायता गर्न सक्ने गरी सम्पन्न भएको, र विपत्तिहरूको भय विना शान्तिपूर्ण जीवन जिएको चाहनुहुन्छ ।

प्रस्थान १५:२६ ले भन्दछ, “तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरका कुरा ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठीक छ सो गर्‍यौ, र उहाँका आज्ञाहरूमा ध्यान लगायौ, र उहाँका सबै विधिहरू मान्यौ भने, जुन रोगहरू मैले मिश्रीहरूमाथि ल्याएको थिएँ, तीमध्ये एउटै पनि तिमीहरूमाथि ल्याउनेछैनँ, किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ ।” परमेश्वरको वचन अनुसार जिउँदा, उहाँहरूले सुरक्षा पाउनु हुन्छ, र उहाँहरूमाथि कुनै रोग बिमार आएतापनि, उहाँहरूले आफ्नो विश्वासी जीवनलाई फर्केर हेरी पश्चात्ताप गर्नुहुँदा, परमेश्वरको शक्तिद्वारा उहाँहरू निको बन्नु हुन्छ (सम्बन्धित गवाहीहरू पृष्ठ ३ मा छन्) ।

यशैया ५८:१३-१४ ले भन्दछ, “तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु ।” मलाकी ३:१० ले भन्दछ, “‘सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर’, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, ‘म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ ।’” यस खण्डले आशिष् पाउने मुख्य कडी भनेको प्रभुको दिन पूर्ण रूपमा पालना गर्नु र सम्पूर्ण दशासं दिनु हो भनी हामीलाई बताउँदछ ।

मानमिन केन्द्रीय चर्चका सदस्यहरू, वचन अनुसार जिउन, प्रभुको दिन पवित्र राख्न र सम्पूर्ण दसाशं दिन परिश्रमपूर्वक प्रयत्न गर्दै हुनुहुन्छ । त्यसैकारण, उहाँहरू परमेश्वरको सुरक्षाको घेरभित्र रहेर जीवन जिइरहनु भएको छ र प्राकृतिक विपत्तिहरूमा समेत सुरक्षा पाइरहनु भएको छ । देशमा अर्थतन्त्र ओरालो लागेर आर्थिक मन्दीको सामना गर्दा समेत उहाँहरूले आफ्ना कारोबारहरू र कार्यस्थलहरूमा धेरै आशिषहरू प्राप्त गरिरहनु भएको छ (यस सम्बन्धी पृष्ठ १ र ४ मा सान्दर्भिक घटनाहरू उल्लेख गरिएका छन्) ।

## डा. जेरक लीको प्रार्थनाद्वारा इबोला भाइरस रोग हराएर गयो !




डिकन सिबेष्टियन इम्पेटो पेगों,
किंशासा मानमिन चर्च, गणतन्त्र कंगो

मैले आफ्नो राजनीतिक यात्रा शुरु गर्दा, मलाई राजनीतिमा सघाउने मानिसहरू कोही थिएनन् । तर सिनियर पाष्टर डा. जेरक लीको प्रार्थनाद्वारा, निरन्तर मेरो बढुवा हुँदै गयो ।

सन् २०१४ सालको अगस्टमा, म गणतन्त्र कंगोको, इक्वेटर राज्यको गर्भनर भई कार्यारत छँदा, त्यस क्षेत्रका धेरै मानिसहरू इबोला भाइरसद्वारा संक्रमित भएका थिए । यो भाइरस अत्यन्तै संक्रामक र प्राणघातक थियो र पछिल्ला समयहरूमा संक्रमितहरूको मृत्युदर २५% देखि वृद्धि भएर ९०% पुगेको थियो र यसले हामीलाई स्तब्ध तुल्याएको थियो ।

गणतन्त्र कंगोका राष्ट्रपति, जोसेफ कबिलाले, इबोला भाइरसलाई राजधानी शहर किंशासा पुग्न देखि रोक्ने आदेश मलाई दिनु भएको थियो । तर, त्यसलाई मानवीय उपायद्वारा रोक्ने कुनै बाटो थिएन । सन् २०११ मा, मैले परमेश्वरको शक्ति अनुभव गरेको थिएँ । मेरी छोरी, मेन्युला प्रसूतिको दौरान मृत्युको जोखिममा पुगेकी थिइन्, तर डा. लीको समय र दूरीलाई माथ गर्ने प्रार्थनाद्वारा उनले पुनर्जीवन प्राप्त गरिन् ।

✦✦✦

सन् २०१४ सालको सेप्टेम्बर १६ मा, मैले विश्वासका साथ डा. ली समक्ष प्रार्थनाको अनुरोध पठाएँ । डा. लीले सेप्टेम्बर २१ मा प्रार्थना गरिदिनु भयो भनी मैले फोनबाट जानकारी पाएँ । भाइरसको फैलने प्रक्रियालाई मैले प्रत्येक दिन नियमित रूपमा निगरानी गरिरहेको थिएँ, र उहाँले प्रार्थना गरिदिनु भएपछि पनि मैले त्यो कुराको जाँच गरेँ । जाँचको दौरानमा, मैले आश्चर्य चकित तुल्याउने नतिजा प्राप्त गरेँ । डा. लीले प्रार्थना गरिदिनु भएको दिनदेखि नै, त्यहाँ नयाँ रोगीहरू देखिएनन् ।

अन्ततः राष्ट्रपति जोसेफ कबिलाले संयुक्त राष्ट्र संघको साधारण सभामा गणतन्त्र कंगो इबोलाको माहामारीबाट मुक्त भएको घोषणा गर्नुभयो । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिँदछु जसले गणतन्त्र कंगोबाट इबोला उन्मूलन गरिदिनु भयो ।



## सन् २०१५ सालको अप्रिल महिनामा नेपालमा गएको विनाशकारी भूकम्पमा समेत हामीले सुरक्षा पायौं !



पास्टर ग्रेस ली,
नेपाल मानमिन चर्च

सन् २०१५ साल अप्रिल महिनाको २५ तारिख शनिबारको दिन बिहानीको ११:५६ बजेको थियो । शनिबारको दिनमा हामीले मुख्य आराधना सेवाहरू अर्पण गर्ने गरेको हुनाले, हामी चर्चमा थियौं । बिहानीको मुख्य आराधना सेवा सकिएर मेरा चर्चका सदस्यहरू खाना खानको लागि तल ओर्लदै हुनुहुन्थ्यो । त्यही समय, ७.८ रेक्टर स्केलको महाभूकम्प गयो र त्यो एक घण्टाभन्दा बढी लामो समयसम्म गई नै रह्यो । अधिकांश सदस्यहरू बाहिर सडकतिर जानुभयो ।

सडकमा जानु भएका सदस्यहरूले चर्च भवनलाई हेरिरहनु भएको थियो भनी मैले पछि सुनें । अन्य भवनहरूको तुलनामा हामी बसेको भवनको चौडाइ कम र उचाइ ज्यादै अग्लो थियो । यो भवन पिङ्ग मच्चिए सरह हल्लिरहेको थियो । त्यो अति नै डरलाग्दो देखिन्थ्यो । उहाँहरूले पुकारा गर्दै प्रार्थना गर्नु भयो । दिउँसो २ बजे शुरु हुने आराधना सेवाको साटो मैले १ बजेतिर प्रार्थना सभा सञ्चालन गरें । प्रार्थना सभापछि, मैले चर्चमा रहन चाहनु हुने सदस्यहरूका साथ भवनको तलपट्टि रहेको चमेना गृहमा प्रार्थना गरें । दिउसोको ५:४५ बजेतिर दानियल प्रार्थना सभा शुरु भयो । हामी जीसिएन मार्फत् सियोलमा अवस्थित मानमिन केन्द्रीय चर्चमा आयोजित विशेष दानियल प्रार्थनामा सहभागी भई रहेका थियौं ।

✦✦✦

त्यसको भोलिपल्ट विशेष दानियल प्रार्थना सभाको अन्तिम दिन थियो र सिनियर पास्टरले ४२ दिनसम्म प्रार्थना सभामा आउनेहरूका लागि प्रार्थना गरिदिनुभयो । हामीले जीसिएन मार्फत् सिनियर पास्टरले गरिदिनु भएको आशिष्को प्रार्थना ग्रहण गर्‍यौं । उहाँले हामी नेपाल मिशन केन्द्रमा भएकाहरूका लागि प्रार्थना गरिदिनु भयो । वास्तवमा, नेपालभरि ९ देखि १२ रेक्टरसम्मको शक्तिशालि भूकम्प जानेछ र भारी वर्षा हुनेछ भनी पूर्वानुमान गरिएको थियो । हिमपहिरो समेत जानेछ भनी पूर्वानुमान गरिएको थियो । त्यसैले, कसैमा पनि बाँच्ने निश्चयता थिएन । तर, हामीले सिनियर पास्टरको प्रार्थना ग्रहण गर्‍यौं । मेरा चर्चका सदस्यहरूको घरमा केही क्षति वा चोरीको घटना भएन । २०८ वटा शाखा चर्चहरू र परिवार चर्चहरू (अहिले वृद्धि भएर २२० चर्चहरू भएका छन्) ले पनि परमेश्वरबाट सुरक्षा पाउनु भयो ।

म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिँदछु जसले हामीलाई मानव क्षमताले नभ्याउने यस्तो घोर विपत्तिमा समेत सुरक्षा दिनुभयो !



## क्रूसको सन्देश श्रृंखला – (२४)

# अनन्त जीवन (१): मानिसको पुत्रको देह खानु र रगत पिउनु



डा. जेरक ली

"येशूले तिनीहरूलाई भन्नुभयो, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन। मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो।'" (यूहन्ना ६:५३-५५)

जब कुनै व्यक्तिले येशूलाई आफ्नो मुक्तिदाता स्वीकार गरी आफ्ना पापहरूका निम्ति पश्चात्ताप गर्दछ, तब परमेश्वरले उसलाई पवित्र आत्मा दिनुभएकोले गर्दा ऊ फेरि नयाँ गरी जन्मन्छ र अनन्त जीवन प्राप्त गर्दछ। यद्यपि प्रभुलाई ग्रहण गरे पश्चात् नयाँ जन्म पाउँदैमा, सो व्यक्तिले अनन्त जीवन पाइसकेको छ भन्नेचाहिँ होइन ; ऊ "ख्रीष्टको पूर्णतामा नआऊञ्जेल" आत्मिक भोजन लिँदै निरन्तर वृद्धि हुँदै जानु पर्दछ।

आत्मिक विकासको लागि आवश्यक "आत्मिक भोजन" ले "मानिसको पुत्रको देह" र "उहाँको रगत" लाई जनाउँदछ। मानिसको पुत्रको देह खाएपछि र रगत पिएपछि मात्र हामीले अनन्त जीवन पाउन सक्छौं (यूहन्ना ६:५३-५५)।

### १. "मानिसको पुत्रको देह खानु र रगत पिउनु" को महत्व

"मानिसको पुत्रको देह" भनेको येशूको देह हो जुनचाहिँ बाइबलमा उल्लेख गरिएको "परमेश्वरको वचन" हो। यूहन्ना १:१४ मा, "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो," भनी उल्लेख गरिएझैं, परमेश्वरको वचन देहधारी भएको कुरा बाइबलले स्पष्टसित व्यक्त गर्दछ र त्यो "देह" येशू हुनुहुन्थ्यो।

येशूले पनि आफ्नो बारेमा यसरी भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु त्योचाहिँ मेरो देह हो" (यूहन्ना ६:५१)।

मानिसको पुत्रको देह खानु- परमेश्वरको वचन, जीवनको रोटी- चाहिँ येशूलाई "थुमा" को रूपमा हेरिनु सित सम्बन्धित छ। यूहन्ना १ अध्यायमा बप्तिस्मा दिने यूहन्नाले येशूलाई "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा !" भनी सम्बोधन गर्नु भएको छ (पद. १९)।

साधारण अर्थमा भन्नुपर्दा, भेडाहरूले आफ्नो गोठालोको आवाज चिन्दछन् र आज्ञापालन गर्दछन्, तिनीहरू सोझा हुन्छन्, र ती मानिसहरूका निम्ति लाभदायक हुन्छन्। त्यसै गरी, येशू पिताप्रति आज्ञाकारी हुनुहुन्थ्यो, त्यसैकारण सोझो थुमाझैं उहाँ प्रायश्चित्को बलिदान हुनुभयो, र साथै उहाँले मानव जातिलाई केवल असल कुराहरू दिनुभयो। भेडाका पाठाहरूमध्ये पनि, एक वर्षभन्दा मुनीका पाठाहरू बगालमा अरूसित नमिसिएका हुनाले विशेषगरी शुद्ध हुन्छन् र आत्मिक रूपमा त्यसले हाम्रो येशूलाई जनाउँदछ जो निष्खोट र निर्दोष हुनुहुन्छ।

प्रस्थान १२ अध्यायमा उल्लेख गरिएझैं, सारा मिश्रभरि पहिलो जन्मेकाहरूको मृत्युको विपत्ति फैलदाँ, परमेश्वरले इस्राएलीहरूलाई थुमा- "एक वर्षको पाठो" - लिन र त्यो पाठोको "रगत लिएर जुन-जुन घरमा त्यो खाइन्छ, त्यसको ढोकाको चौकोसका दुइपट्टिका खम्बाहरू र माथिल्लो भागमा लगाउनु" भनी भन्नुभएको थियो। थुमालाई कसरी खाने भन्ने बारेमा समेत परमेश्वरले इस्राएलीहरूलाई सुस्पष्ट निर्देशन दिनु भएको थियो (प्रस्थान १२:८-१०), किनभने त्यसमा हाम्रो जीवनसित प्रत्यक्ष रूपमा सम्बन्धित रहेको आत्मिक पाठ रहेको छ।

"तिनीहरूले त्यही रात त्यसको मासु आगोमा पोलेर खमिर नहालेको रोटीसित खाऊन्। तीतो सागसित तिनीहरूले त्यो खाऊन्। त्यो काँचै नखाओ, पानीमा उमालेर पनि होइन, तर आगोमा पोलेर त्यसका शिर, खुट्टाहरू र भित्री भागहरूसमेत खाओ। त्यसबाट केही पनि बिहानसम्म नउबार्नू, तर केही बिहानसम्म रह्यो भने त्यो आगोमा जलाइदिनू" (प्रस्थान १२:८-१०)।

### २. थुमा खानु

#### १) त्यसलाई "काँचै वा पानीमा उमालेर" होइन, तर आगोमा पोलेर खाओ।

यहाँ, "आगो" ले पवित्र आत्माको आगोलाई जनाउँदछ र हामीले पवित्र आत्माको प्रेरणामा परमेश्वरको वचनलाई बुझ्नु पर्दछ र त्यो वचनलाई हाम्रो आत्मिक भोजन बनाउनु पर्दछ। पवित्र आत्माको आगोलाई प्रज्ज्वलित तुल्याउन हार्दिक प्रार्थनाको आवश्यकता पर्दछ।

२ पत्रुस १:२०-२१ ले हामीलाई स्मरण गराउँदछ, "सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।" २ पत्रुस ३:१६ ले हामीलाई चेतावनी दिँदछ कि यदि हामीले परमेश्वरको वचनलाई पवित्र आत्माको प्रेरणामा नभई आफ्नो सोचाइ अनुसार त्यसलाई तोडमोड गर्दछौं भने त्यसले हामीलाई सत्यताबाट टाढा लैजान्छ र अन्ततः हामीलाई विनाशको मार्गमा पुऱ्याउँदछ। पवित्र आत्माको प्रेरणा विना परमेश्वरको वचनलाई "तोडमोड" गर्नुचाहिँ थुमालाई "काँचै वा पानीमा उमालेर" खानु जस्तै हो।

"परमेश्वरको वचनलाई काँचै खानु" को अर्थ के हो त ? योचाहिँ परमेश्वरको वचनमा रहेको आत्मिक अर्थलाई नबुझी त्यसलाई शाब्दिक रूपमा व्याख्या गर्नु हो। काँचो भोजन सेवन गऱ्यौं भने अपच हुन्छ वा पेट दुख्न सक्छ। त्यसै गरी, "परमेश्वरको वचनलाई काँचै खानाले" बाइबलको व्याख्याहरूलाई अविवेकी र झूटा बनाउन सक्छ।

उदाहरणको लागि, मत्ती ६:६ मा येशूले हामीलाई भन्नुभएको छ, "तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।" यस पदलाई केवल अक्षरशः रूपमा मात्र बुझ्छौं भने प्रार्थना गर्नको लागि भित्री कोठा चाहिन्छ भन्ने बुझी हामी भित्री कोठा निर्माण गर्नेछौं। विश्वासका पुर्खाहरूले "भित्री कोठामा" बसेर प्रार्थना गर्नुभएको कुरा हामी बाइबलमा कहीं कतै पाउँदैनौं ; त्यसैगरी येशूले कहिल्यै पनि भित्री कोठामा बसेर प्रार्थना गर्नु भएन बरु उहाँ बगैँचा वा पहाडमा जानुभएर प्रार्थना गर्नु हुन्थ्यो।

आत्मिक भाषामा, "कोठा" ले मानिसको हृदयलाई जनाउँदछ। यदि तपाईं भित्री कोठामा गई ढोका बन्द गर्नुहुन्छ भने, तपाईं संसारको सम्पर्कदेखि अलग बन्नुहुनेछ। येशूले "आफ्नो भित्री कोठामा पस" भनी आज्ञा दिनुहुँदा यसले हामीलाई प्रार्थना गर्दा "अरूलाई देखाउनका लागि" नभई वा सांसारिक आवश्यकता र चिन्ता फिक्रीमा रहेर प्रार्थनामा एउटै कुरा बारम्बार दोहोऱ्याउने नभई ; हाम्रो हृदयको गहिराइदेखि हामीले परमेश्वरसित सञ्चार गर्नु पर्दछ भनी स्मरण गराउँदछ।

थुमालाई "पानीमा उमालेर नखानु" भनी बाइबलले हामीलाई भन्नुको अर्थ के हो ? यसले संसारको कुनै पनि तत्वहरू परमेश्वरको वचनमा थप्नु हुँदैन भन्ने जनाउँदछ। परमेश्वरको वचन प्रचार गर्दा खेरी, केहीले आफ्ना सन्देशहरूमा राजनीति वा वर्तमान मामिलाहरू वा दार्शनिकहरूका भनाइ र अन्य सांसारिक ज्ञानहरू जस्ता शारीरिक कुराहरू समावेश गर्ने गर्दछन् र त्यसलाई सत्यझैं प्रस्तुत गर्दछन्। यद्यपि, मानिसको विचार र ज्ञान अत्यन्तै सीमित छ र यस संसारको विचारधारा जतिसुकै महान् भएतापनि त्यो सिद्ध छैन। १ कोरिन्थी १:२५ ले सुस्पष्टसित हामीलाई, स्मरण गराउँदछ कि, "परमेश्वरको मूर्खता मानिसहरूको बुद्धिभन्दा श्रेष्ठ छ, र परमेश्वरको दुर्बलता मानिसहरूको बलभन्दा शक्तिशाली छ।"

परमेश्वरको वचनले सबै प्रकारको सांसारिक ज्ञानलाई माथ गर्दछ र केवल यो मात्र अनन्त र अपरिवर्तनीय सत्य हो। यो तथ्यलाई स्मरण गरी बाइबलमा रहेको परमेश्वरको वचनलाई यस संसारको ज्ञान वा अनुमानहरूद्वारा नभई पवित्र आत्माको प्रेरणाद्वारा मात्र व्याख्या गर्नु पर्दछ। हामीले नयाँ विश्वासी दाजुभाइहरू र दिदीबहिनीहरूलाई जीवित परमेश्वरको बारेमा, उहाँलाई कसरी भेट्ने भन्ने बारेमा, तिनीहरूप्रति उहाँको इच्छाको बारेमा, र मुक्ति प्राप्त गर्नको लागि आवश्यक आदर्श ख्रीष्टियन जीवनको बारेमा सिकाउनु पर्दछ। त्यसै कारणले गर्दा, प्रस्थानको पुस्तकले हामीलाई थुमा "पानीमा उमालेर नखानू" भनी भन्दछ।

#### २) "त्यसका शिर, खुट्टाहरू र भित्री भागहरू समेत" त्यसलाई खाओ।

यसको अर्थ उत्पत्तिको पुस्तकदेखि लिएर प्रकाशको पुस्तकसम्म बाइबलमा रहेका परमेश्वरको वचनलाई हामीले हाम्रो भोजन बनाउनु पर्दछ। बाइबल अध्ययन गर्ने क्रममा, केही मानिसहरूले लेवीको पुस्तक जस्तो कठिन खण्डहरूलाई त्यतिकै छोडिदिने गर्दछन् भने कतिपयले चाहिँ बाइबलमा समावेश गरिएका आश्चर्यकर्महरू र चिन्हहरूको उदाहरणहरूलाई इन्कार गर्दछन् वा विश्वास गर्न हिचकिचाउँदछन्।

यदि मानिसहरूले तिनीहरूका सोचविचार र अनुमानहरू अनुसार मेल नखाने बाइबलका खण्डहरूलाई टुक्र्याउँछन् भने, परिणाम स्वरूप सत्यता र विश्वास नभई केवल नैतिकता र सिद्धान्त मात्र बाँकी रहनेछ। थप अझ, आफूले पालना गर्न सक्दिनँ जस्तो लागेका परमेश्वरका आज्ञाहरूलाई यदि तिनीहरूले आफ्नो हृदयमा खोपेर राख्दैनन् भने, तिनीहरूले जतिसुकै पटक बाइबल पढेता पनि अनन्त जीवन प्राप्त गर्न सक्दैनन्।

परमेश्वरको वचनलाई टुक्राएर भागहरूमा नभई यसलाई समग्रमा नै आफ्नो भोजन बनाउनु पर्दछ। त्यही कारणले गर्दा नै परमेश्वरले इस्राएलीहरूलाई "त्यसका शिर, खुट्टाहरू र भित्री भागहरूसमेत" खाओ भनी आज्ञा दिनु भयो।

#### ३) त्यसबाट केही पनि बिहानसम्म नउबार्नू, तर केही बिहानसम्म रह्यो भने त्यो आगोमा जलाइदिनू।

इस्राएलीहरूले रातभरमा थुमा खाएर सिद्धाउन नसकेको खण्डमा, तिनीहरूले थुमाको बाँकी रहेको भागलाई आगोमा जलाउनु पर्दथ्यो। आत्मिक शब्दमा, "रात" ले शत्रु दियाबलस र शैतानले यस संसारका अधिकार जमाउने समयावधिलाई जनाउँदछ। अन्त्यको दिनमा, संसारमा पाप र दुष्टता झन्-झन् वृद्धि हुँदै जाँदा, अन्धकार वृद्धि हुँदै जानेछ। परमेश्वरले तोक्नु भएको समयमा जब प्रभु हामीलाई लिन आउनुहुनेछ, तब अन्धकार हटेर जानेछ र ज्योतिले बिहानीलाई जगाउनेछ।

त्यसबेला मानिसहरूले, बाइबलमा लेखिएका - प्रभुको पुनरागमन, विश्वासीहरू आकाशमा उठाइ लगिने, र अन्य - सबै कुराहरू साँचो रहेछ भनी महसुस गर्नेछन्। साथै विश्वासीहरूले जतिमात्रामा पवित्रीकरण पूरा गर्नुभएको छ, सोही मात्रामा स्वर्गमा आफ्ना इनामहरू भण्डारण गर्नहुनेछ। तब मानिसहरूले आफ्नो स्वधार्मिकता, लोभ, आत्म-सम्मान कति मूर्खतापूर्ण रहेछ र तिनीहरूको चालचलन र संसारप्रतिको तिनीहरूको प्रेम कति त्रुटिपूर्ण रहेछ भनी महसुस गर्नेछन्।

यद्यपि, तिनीहरूले विगतमा जे गरेका थिए त्यसबाट तिनीहरू फर्कन सक्दैनन्। तिनीहरूले जतिसुकै पछुतो मानेतापनि, तिनीहरूको निम्ति धेरै ढिलो भइसकेको हुनेछ। तसर्थ, बिहानी आउनु अघि-हाम्रो प्रभु हामीलाई लिन फेरि आउनु अघि-हामी लगनशील भई परमेश्वरको सम्पूर्ण वचनलाई आफ्नो भोजन बनाउनु पर्दछ, प्रभुको दुलहीको रूपमा हाम्रो तयारी पूरा गर्नु पर्दछ, र उहाँको आगमनको प्रतिक्षामा रहनु पर्दछ।

ख्रीष्टमा प्रिय दाजुभाइहरू तथा दिदीबहिनीहरू, हामीले परमेश्वरको वचनलाई कति राम्रोसित आफ्नो भोजन बनाएका छौं, सोही अनुसार नै पृथ्वीको साथसाथै स्वर्गको हाम्रो जीवनको गुणस्तर निर्धारण हुँदछ। त्यसै कारणले गर्दा, तपाईंहरू हरेकले परमेश्वरको वचनको हरेक भागलाई आफ्नो भोजन बनाउनु भएको होस् र स्वर्गको सबैभन्दा महिमित स्थानमा प्रवेश गर्नु भएको होस् भनी हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !

# “विश्वासचाहिँ उत्तर र आशिषहरू प्राप्त गर्ने बाटो हो”

जीवित परमेश्वरमा विश्वास गर्ने र कठिनाइको समयमा पनि उहाँको वचन पालना गर्ने, आनन्दित बन्ने र धन्यवाद दिनेहरूले कठिनाइको समयलाई समेत आशिष् प्राप्त गर्ने अवसरमा परिणत गर्नुहुन्छ र ठूलो विश्वास प्राप्त गर्नुहुन्छ। विभिन्न प्रकारका रोगहरूबाट निको हुनुभएको, मौसम र प्राकृतिक घटनाक्रमहरूलाई नियन्त्रण गर्ने शक्तिलाई अनुभव गर्नुभएको र आफ्ना व्यापार व्यवसायमा ठूला आशिषहरू पाउनुभएको विश्वासीहरूका गवाहीहरू हामी हेरौं।

## म स्तन क्यान्सरबाट निको भएँ

डिकनेस इनोक हान, उमेर ६०, ४ थौं प्यारिस



सन् २००७ मा, म्यामोग्राफी र बायोप्सीको नतिजाले मलाई स्तन क्यान्सर (इनभ्यासिभ डक्टल कार्सिनोमा) भएको छ र मेरो स्तनभित्रको नलीमा २.२ से.मि. आकारको पिड्को रहेको छ भनी देखायो। परमेश्वरले मलाई निको पार्नु हुनेछ भन्ने विश्वास ममा थियो।

परमेश्वरबाट चङ्गाइ प्राप्त गर्नको लागि, मैले उत्तर प्राप्त गर्न योग्य भाडो तयार गर्न थालेँ। एमपी थ्री फाइलमा रहेका वचनहरू सुन्दै जाने क्रममा, मैले मेरो हृदयमा रहेका गनगनहरू, घृणा र खराब-भावनाहरू पत्ता लगाएँ। ख्रीष्टमा आउनु भन्दा अघि मैले गर्ने गरेका मूर्ति पूजाहरू अत्यन्तै गम्भीर पापहरू रहेछन् भनी मैले जाने। मैले पूर्ण रूपमा पश्चात्ताप गरेँ। मैले इमानदार भएर आफ्ना कर्तव्यहरू पूरा गरेँ र परमेश्वरलाई खुसी तुल्याउनको लागि हरसम्भव प्रयास गरेँ।

सन् २०११ को जुन १० मा, विशेष ईश्वरीय चङ्गाइ सभाको समयमा मैले डा. जेरक लीको प्रार्थना ग्रहण गरेँ। तत्पश्चात् दुखाइ कम हुँदै गयो र त्यो पिड्को पनि सानो हुँदै गयो। जुन २९ तारिखमा, गरिएको पुनः परीक्षणको नतिजाले म स्तन क्यान्सरबाट पूर्ण रूपमा निको भएको देखायो। हाल्लेलूयाह !




प्रार्थना गर्नु अघिः २.५ से.मि. को पिड्को




प्रार्थना पछिः केवल दागमात्र बाँकी रहेको

## म मस्तिष्क घातबाट निको भएँ, र अहिले म हिँड्न र उफ्रन सक्छु


डिकन बेखो चोइ, उमेर ६२, १४ औं प्यारिस




सन् २०१५ को फेब्रुअरीमा, आघातको कारणले गर्दा मेरो शरीरको दाहिनेतिरको भाग चल्न छोड्यो। यो हुनुभन्दा अघि, म व्यावसायिक इन्जिनियर सूचना सञ्चारको प्रमाणपत्र पाउनको लागि अध्ययन गरिरहेको थिएँ। अध्ययन गर्ने क्रममा, मैले प्रार्थना सभाहरूका साथै कहिलेकाहीँ आइतबारको आराधना सेवाहरूसमेत छुटाउने गर्दथेँ।

यस बारेमा मैले पूर्ण रूपमा पश्चात्ताप गरेँ र साथै आफ्नो परिवार र मेरो वरिपरि रहेकाहरूलाई प्रेम नगरेकोमा र आफ्नै कुरामा जिद्दी गरेकोमा पश्चात्ताप गरेँ। त्यसपछि बिरामीहरूको निम्ति डा. जेरक लीले गरिदिनु भएको प्रार्थना मैले ग्रहण गरेँ। प्रार्थना पश्चात्, मेरो स्वास्थ्यमा तीव्र सुधार हुन थाल्यो र साढें एक महिनामा नै म आफै हिँड्न सक्ने भएँ।

यद्यपि, हिँड्दाखेरि अझै पनि खुट्टा खुम्चाएर हिँड्नु पर्दथ्यो र सिंढीहरू चढ्ने बेला धेरै गाह्रो हुने गर्दथ्यो। त्यसैकारण, डा. लीका वचन सुन्दाखेरि मैले आफूलाई पत्ता लगाउन प्रयास गरेँ र आँसुका साथ पश्चात्ताप गरेँ। अगस्ट ३ मा, मानमिन समर रिट्रिटको दौरान, म ईश्वरीय चङ्गाइ सभामा सहभागी भएँ। जब डा. लीले बिरामीको निम्ति प्रार्थना गरिदिनु भयो, तब मैले सामर्थ्य पाएँ र कुनै कठिनाई विना सजिलैसित हिँड्डुल गर्न सकेँ। हाल्लेलूयाह !



प्रार्थना अघिः उहाँको मस्तिष्कको बायाँ भागमा भएको इन्फार्क्सन (रक्तसञ्चार को अभावमा तन्तुहरू निष्क्रिय हुनु)



प्रार्थना पछिः स्थिर अवस्था

## डिम्बाशयमा पलाएको ७.६२ से.मि.ठूलो ट्यूमर हराएर गयो

सिनियर डिकनेस सुन्जा चोइ, उमेर ४८, १३ औं प्यारिस



सन् २०१५ को मई महिनामा, मेरो पाचन प्रणालीमा समस्या छ भनी अस्पतालमा मलाई बताइयो। थप अझ, मेरो डिम्बाशयमा ७.६२ से.मि.को ट्यूमर पलाएको थियो। ट्यूमर अति ठूलो भएको हुनाले चिकित्सकले मलाई तुरुन्तै शल्यक्रिया गर्ने सल्लाह दिनुभयो। तर मैले आफ्नो इसाई जीवनलाई फर्केर हेर्न थालेँ र मैले घमण्ड गरेको, अरूको न्याय गरेको र दोष लगाएको तथा खराब भावनाहरूलाई आश्रय दिएकोमा पश्चात्ताप गरेँ।

जुन ५ मा, मैले डा. जेरक लीले बिरामीको लागि गरिदिनु भएको प्रार्थना ग्रहण गरे र विश्वासका साथ उहाँसित हात मिलाएँ। त्यसपछि पाँच दिनसम्म, लगातार मेरो शरीरबाट सफा रगत बाहिर निस्की रह्यो, र मैले मेरो शरीर ताजा भएको महसुस गरेँ। काँध पीडाले कक्रिने समस्याबाट समेत मैले चङ्गाइ पाएँ। मैले प्रतिज्ञाको प्रार्थना अर्पण गरेँ र परमेश्वरको वचनअनुसार जिउन प्रयास गरेँ। जुन १७ मा, स्वास्थ्य परीक्षणको नतिजाले त्यो ट्यूमर घटेर १.९५ से.मि. भएको र पाचन प्रणालीमा सुधार भएको देखायो।

पूर्ण चङ्गाइ प्राप्त गर्नको लागि, मैले तीन दिनको उपवास अर्पण गरेँ। जुलाई ३० मा, मैले फेरि स्वास्थ्य परीक्षण गराएँ र त्यसबेलासम्ममा ट्यूमर पूर्ण रूपमा हराएर गइसकेको थियो ! हालेल्यूयाह !



प्रार्थना अघिः उहाँको बायाँ डिम्बाशयमा भएको ७.६२ से.मि. को ट्यूमर



प्रार्थना पछिः उहाँको बायाँ डिम्बाशयबाट ट्यूमर हराएर गएको

## न्यूमोथोऱ्याक्सबाट चङ्गाइ पाएपछि, मैले अझ बढी परमेश्वरको प्रशंसा गर्न सकेँ !

डिकनेस सुनवो ली, उमेर ५१, २ प्यारिस

सन् २००३ मा, मेरो दायाँ करङ्गमा चोट लागेको थियो र त्यसको केही समयपछि मेरो फोक्सोले समेत राम्ररी काम गर्न सकेन, त्यसैले गर्दा मेरो छातीमा टचूब राखियो। तत्पश्चात्, चिसो लाग्दा वा ब्रोंकाइटिस हुँदा, स्वर नै हराएर जान्थ्यो र औषधि उपचार गर्नु पर्दथ्यो।

म सुसमाचारका गीतहरू गाउने गर्दथेँ र सन् २०१० को जुन महिनामा, म मानमिन केन्द्रीय चर्चमा डोऱ्याइएँ। सन् २०१३ को डिसेम्बरमा, म शुक्रवारको रात्री सेवाको निम्ति विशेष प्रस्तुतिको लागि तयारी गर्दै थिएँ। मलाई चिसो लाग्यो त्यसैले मैले खोकेँ र कफ आयो त्यसपछि अवस्था झन् खराब भयो। मेरो मुखबाट रगत आयो र तरवारले मुटु छेडे जस्तै छातीमा पीडा हुन थाल्यो। मैले प्रार्थना ग्रहण गरेँ र विशेष प्रस्तुति अर्पण गरेँ। के कारणले गर्दा यस्तो भएको हो सो पत्ता लगाउनका लागि म अस्पताल गएँ। छातीको सीटी (छातीको भित्री भागको एक्स्रे) ले मेरो दाहिने फोक्सो असामान्य अवस्थामा छ र मलाई




न्यूमोथोऱ्याक्स भएको छ भनी देखायो।

मैले आफ्नो विगतलाई फर्केर हेरेँ र पूर्ण रूपमा पश्चात्ताप गरेँ। त्यसपछि, मैले डा. जेरक लीको प्रार्थना ग्रहण गरेँ। त्यसपछि तुरुन्तै मेरो खोकी बन्द भयो र कफ पनि घट्दै गयो। त्यसको भोलीपल्ट यो पूर्ण रूपमा बन्द भयो।

सन् २०१४ को जनवरीमा मैले फेरि परीक्षण गराएँ। मेरो चिकित्सकले यसो भन्नुहुँदै खुशीको समाचार सुनाउनु भयो, “न्यूमोथोऱ्याक्स हराएर गएको छ। अब तपाईंको फोक्सो सफा र स्वस्थ भएको छ।” हाल्लेलूयाह !



प्रार्थना गर्नु अघिः दायाँ फोक्सोमा भएको न्यूमोथोऱ्याक्स (पंहेलो तीरले देखाएको)



प्रार्थना पछिः न्यूमोथोऱ्याक्स हटेर गएको, सामान्य अवस्था

# म परमेश्वरको आशिष्मा बाँचिरहेको छु र उहाँलाई महिमा दिँदैछु !

एल्डर जोसेफ के. नोह, सियोल छुङ्गआन्ग एसेटको अध्यक्ष, १९ औं प्यारिस मानमिन केन्द्रीय चर्च

मलाई मेरी पत्नीले मानमिन केन्द्रीय चर्चमा डोऱ्याउनु भएको थियो। परमेश्वरको वचनलाई शतप्रतिशत व्यवहारमा उतार्नु हुने सिनियर पास्टर डा. जेरक लीलाई म आदर गर्दथेँ, र चर्चमा पूर्ण रूपले विश्वासयोग्य भई कार्य गर्दथेँ। त्यसपछि मैले मेरो व्यापारमा प्रशस्त आर्थिक आशिष्हरू प्राप्त गरेँ।



राष्ट्रिय आर्थिक संकट, जसलाई आईएमएफ वित्तिय संकट पनि भनिन्छ सो पश्चात्, धेरै कम्पनीहरू स्थापना भए र मैले पनि कोरियन सेयर बजार (प्ङक्म्ब्त) मा सेयर निष्कासन गरी अत्याधिक मात्रामा ऋण लिई बीस लाख डलर लागत भएको कम्पनी संचालन गरेँ। तर सन् २००० को डिसेम्बर मा यो कम्पनी टाट पल्ट्यो। ममाथि ऋणको ठूलो भार थियो र त्यसैले म मेरो परिवारसित घरहरूको छतको कोठाहरूमा बस्न थालेँ। जीविकोपार्जनको लागि मैले ढलहरू र सेप्टिक ट्यांकीहरू सफा गर्न थालेँ।

योचाहिँ मेरो शेखी, लोभ, र अहङ्कारको कारणले गर्दा भएको हो भनी मैले महसुस गरेँ। मैले हृदयदेखि पश्चात्ताप गरेँ, र त्यसपछि परमेश्वरले नै नयाँ व्यवसाय मार्फत् मेरा विगतका कर्जाहरू चुक्ता गर्न मलाई सहायता गर्नुभयो।

सन् २००५ को जुलाईमा, एक परिचित व्यक्ति मार्फत् म सिन्हान् जीवन बीमा कम्पनीको बीमा अभिकर्ता बने। मलाई बीमा व्यवसायको बारेमा केही पनि थाहा थिएन, तर यो चर्चको बलियो स्रोत हुन सक्छ भन्ने मैले सुनेको कारणले गर्दा मैले विश्वासका साथ यसलाई शुरू गरेँ। प्रत्येक महिना म डा. लीबाट प्रार्थना ग्रहण गर्दथेँ र मेरो व्यवसायको बारेमा उहाँसित परामर्श माग्दथेँ। उहाँ हर समय सही मार्गमा हिँड्न जोड दिनुहुन्थ्यो, त्यसै कारण मैले यसलाई मेरो व्यापार व्यस्थापनको नियम बनाए। जस्तोसुकै परिस्थितिहरूमा पनि मैले आज्ञापालन गरेँ र उच्च प्राथमिकताका साथ सम्पूर्ण दसाशं दिएँ।

मैले परमेश्वरमा पूर्ण भरोसा राखी व्यवसाय सञ्चालन गर्दा, उहाँले कल्पना नै गर्न नसकिने उदेकका आशिष्हरू दिनुभयो। मेरो कम्पनी सियोल छुङ्गआन एसेटको मुख्य कार्यालय सियोलमा छ र अहिले जङ्गबु, योङ्गनाम, र होनाम क्षेत्रहरूमा यसका तीनवटा शाखा कम्पनीहरू रहेका छन्, चंच्यन, येवसु, र बुसानमा यसका शाखा एजेन्टहरू रहेका छन्, र छ्योनाहन् र जेजुमा यसका शाखा कार्यालयहरू रहेका छन्। सम्पूर्ण राष्ट्रभरि नै फैलिएको यो एउटा ठूलो कम्पनी बनेको छ।

सिन्हान जीवन बीमाले प्रायोजन गरेको सबैभन्दा बढी जीवन बीमा बिक्री गर्न सफल विधामा मेरो कम्पनीले सन् २०१२ देखि अहिलेसम्म लगातार पाँच वर्षसम्म पुरस्कार प्राप्त गर्दै आइरहेको छ र सन् २०१५ मा हामीले जीवन बीमा कम्पनीहरूमध्येबाट ग्राण्ड पुरस्कार प्राप्त गरेका थियौँ। आफ्नो छिमेकीलाई आफैंलाईझैं प्रेम गर्ने मैले अर्को नियम बनाएको छु। मैले चर्चको सेवकाइमा सहायता गरेको छु र गरीब तथा उपेक्षितहरूलाई सहयोग गरेको छु। यसो गर्दा, मैले गणतन्त्र कोरियाको राष्ट्रिय रेड क्रस, सियोल नगर परिषद्, र बुच्योन सिटी हलबाट कदरपत्रहरू प्राप्त गरेको छु।



सिन्हान जीवन बीमा पुरस्कार समारोह, सन् २०१६ मार्च ८
पाचौं पटक सबैभन्दा बढी जीवन बीमा बिक्री गर्न सफल शीर्षकमा पुरस्कार प्राप्त गर्दै (दायाँबाट, सिन्हान जीवन बीमाका निवर्तमान अध्यक्ष सुनग्राक ली)




म परमेश्वरबाट चुनिएको प्रबन्धक हुँ जस्तो मलाई लाग्छ, त्यसैकारण आफूलाई नउचाल्न र सधैँ पवित्र आत्माको अगुवाइ प्राप्त गर्न म प्रार्थना गर्ने गर्दछु। म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु, जसले अनमोल परीक्षा मार्फत् मलाई साँचो आशिष् दिनुभयो र एल्डरको रूपमा सेवा गर्न अगुवाइ गर्नुभयो।

## पर्याप्त वर्षात्ले इस्राएलमा खडेरीको अन्त्य भयो

पास्टर दानियल रोजेन, क्रिस्टल फोरमको अध्यक्ष, इजरायल



सन् २००९ सम्ममा, इस्राएलले लामो समयदेखि गम्भीर खडेरीको सामना गर्नु परेको थियो। त्यही वर्षको सेप्टेम्बर ६ र ७ मा डा. जेरक लीले इस्राएल संयुक्त क्रूसेड २००९ मा अगुवाइ गरिरहनु भएको थियो र त्यसबेला उहाँले पर्याप्त पानी परोस् भनी प्रार्थना गरिदिनुभयो।

क्रूसेडको भोलि पल्ट, इस्राएलमा भारी वर्षा भइरहेको छ भनी समाचारमा आयो। एक हप्तापछि म यरूशलेमबाट तेल अवीव जाँदै गर्दा, मैले घनघोर वर्षात् भइरहेको देखेँ।

त्यस पछि, मैले डा. लीलाई फेरि एकपल्ट वर्षाको लागि प्रार्थना गरिदिनुहोस् भनी अनुरोध गरेँ, र उहाँले अक्टोबर ४ मा आइतबारको बिहानीको आराधना सेवाको दौरान प्रार्थना गरिदिनुभयो। त्यसको भोलीपल्ट इस्राएलका धेरै क्षेत्रहरूमा वर्षा भयो, र यो समाचार अंग्रेजी भाषामा प्रकाशित हुने इस्राएलको दैनिक समाचार पत्र *यरूशलेममा पोस्ट* मा; हिब्रू भाषामा प्रकाशित हुने इस्राएलको प्रमुख समाचापत्र *दि कोल हेयर* (haaretz.com) मा; र *इन्भिक्टोरी* (invictory.org) मा छापिएको थियो। म डा. लीलाई धन्यवाद दिँदछु जसले हाम्रो निम्ति प्रार्थना गरिदिनु भयो।







## शक्तिशाली प्रार्थनाले नदीको अत्याधिक जलप्रवाह (बाढी) लाई मत्थर गरायो

डा. मिका कुपर, विश्व ख्रीष्टिय चिकित्सक संजाल (डब्ल्यूसिडिएन) को निर्देशक, अष्ट्रेलिया



सन् २०११ सालको जनवरी १२ मा, अष्ट्रेलियामा डब्ल्यूसिडिएन को सम्मेलन आयोजना हुनुअघि, अष्ट्रेलियन डब्ल्यूसिडिएनको निर्देशकको रूपमा, मैले डा. जेरक लीलाई इमेल मार्फत् हाम्रो देशको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गरेँ।

त्यसबेला, बाढीहरूको श्रृंखलाले अष्ट्रेलियाको क्वीन्सल्याण्डलाई प्रहार गरिरहेको थियो। ब्रिस्बेन नदीमा पानीको सतह आठ मिटरले बढ्दा, भवनहरूका तल्ला भागहरू पानीमा डुबेका थिए, साथै नदी छेउछाउका र अन्य थुप्रै क्षेत्रहरू जलमग्न भएका थिए। पानीको छाल वृद्धि हुँदै जाने र जलाशयका बाँधहरू भत्कन सक्ने भएकोले गर्दा अवस्था एकदमै जटिल थियो र त्यसले २४ घण्टाभित्र गम्भीर विपत्ति निम्त्याउन सक्थ्यो।

यद्यपि, डा. लीले प्रार्थना गर्नुभएपछि, पानी पर्न बन्द भयो र ठूलो क्षति हुनबाट रोकियो। मौसम विभागले पूर्वानुमान गरे जस्तै यदि निरन्तर वर्षात् भएको भए, हजारौं घरपरिवारहरू घरबार विहिन हुने थिए।

म परमेश्वरलाई धन्यवाद दिन्छु जसले शक्तिशाली प्रार्थनाको सुन्वाइ गर्नुभई अझ गम्भीर क्षति हुन बाट बचाउनु भयो। साथै हाम्रो निम्ति प्रार्थना गरिदिनु हुने डा. लीलाई पनि म धन्यवाद दिन्छु।



सन् २०११ जनवरी १३, बीबीसी समाचार लेख, "अष्ट्रेलियामा बाढी : ब्रिस्बेनमा पानीको मात्रा अनुमान गरिएभन्दा कम"

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com

प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन